# नेपाल रेलवे कम्पनी

# प्रबन्ध सञ्चालकको छनोट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८२

मन्त्रालयबाट स्वीकृत मिति : २०८२/०६/०२

**प्रस्तावना** : नेपाल रेलवे कम्पनीको नियमावलीको नियम १२ को खण्ड (ख) बमोजिमको प्रवन्ध सञ्चालक खुल्ला प्रतिस्पर्धाको आधारमा छनोट गरी नियुक्तिका लागि सिफारिस गर्न आवश्यक भएकोले,

सुशासन ऐन, २०६४ को दफा १४ को अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "नेपाल रेलवे कम्पनीको प्रबन्ध सञ्चालकको छनोट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अख्तियारवाला" भन्नाले रेलवे कम्पनी सञ्चालक समिति सम्झनु पर्छ।

(ख) "कम्पनी" भन्नाले नेपाल रेलवे कम्पनी सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले कम्पनीको नियमावली सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले छनोट तथा सिफारिस समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रबन्ध सञ्चालक सम्बन्धी व्यवस्था

३. **प्रबन्ध सञ्चालकको पदावधि** : (१) नियमावलीको नियम १२ को खण्ड (ग) बमोजिम प्रबन्ध सञ्चालकको पदावधि तीन वर्षको हुनेछ।

(२) सञ्चालक समितिले आवश्यक ठानेमा बढीमा एक वर्ष थप गर्न सक्नेछ।

४. **प्रबन्ध सञ्चालकको काम, कर्तव्य र अधिकार** : प्रबन्ध सञ्चालकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कम्पनीको उद्देश्य प्राप्तिको लागि आवश्यक कार्य गर्ने र दैनिक कार्य सञ्चालन गर्ने गराउने,

(ख) कम्पनीको सञ्चालक समितिको निर्णय अनुसार कम्पनीको लागि आवश्यक प्राविधिक तथा अप्राविधिक कर्मचारीहरु तथा कामदारहरु नियुक्ति गर्ने,

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरबार, काठमाडौं

(ग) सञ्चालक समितिको स्वीकृति लिएर कम्पनीको तर्फबाट मुद्दा मामिला गर्ने, प्रतिवाद गर्ने, सम्झौता गर्ने तथा सो कार्यको लागि अख्तियारनामा दिने,

(घ) कम्पनी ऐनद्वारा निर्धारित र साधारण सभा तथा सञ्चालक समितिले तोकेको अन्य कार्यहरु गर्ने।

५. <u>प्रबन्ध सञ्चालकको सेवा शर्त र सुविधा</u> : प्रबन्ध सञ्चालकको मासिक पारिश्रमिक नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतले पाए सरहको हुनेछ र निजको अन्य सुविधा नेपाल सरकारले तोकिए बमोजिम हुनेछ।

६. <u>प्रबन्ध सञ्चालकको योग्यता तथा अनुभव</u> : (१) प्रवन्ध सञ्चालक पदको लागि आवेदन दर्ता गर्न देहाय बमोजिमको योग्यता हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट इञ्जिनियरिङ्ग वा व्यवस्थापन विषयमा स्नातकोपाधि हासिल गरेको,

(ग) व्यवस्थापनको क्षेत्रमा कम्तिमा पाँच वर्षको अनुभव भएको,

(घ) पैंतीस वर्ष उमेर पूरा भई साठी वर्ष उमेर ननाघेको,

(ङ) प्रचलित कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको।

(२) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा उम्मेदवार हुन पाइने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्म कैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पुरा नभएको,

(घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ) तत्काल कुनै राजनीतिक दलको सदस्य भएको,

(च) मानसिक सन्तुलन ठिक नभएको,

(छ) सार्वजनिक निकायको कुनै लाभको पद धारण गरी सो सार्वजनिक निकायले अनुमति नदिएको।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि लाभको पद भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ।

७. पद रिक्त हुने अवस्था : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रबन्ध सञ्चालकको पद देहायको अवस्थामा रिक्त हुनेछः-

(क) निजले पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निजको मृत्यु भएमा,

(घ) दफा ६ को उपदफा (२) बमोजिम अयोग्य भएमा,

(ङ) कार्यक्षमताको अभाव, खराव आचरण वा इमान्दारितापूर्वक पदीय जिम्मेवारी बमोजिमको काम नगरेको आधारमा अख्तियारवालाले हटाएमा,

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौकाबाट बञ्चित गरिने छैन।

## परिच्छेद-३

## आवेदन सम्बन्धी व्यवस्था

८. आवेदन माग गर्ने : (१) कम्पनीको प्रबन्ध सञ्चालक पदमा नियुक्ति गर्न उपयुक्त उम्मेदवारको नाम सिफारिस गर्ने प्रयोजनको लागि कम्तिमा पन्ध्र दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिका र मन्त्रालयको वेबसाइटमा सूचना प्रकाशन गरी आवेदन माग गरिनेछ।

(२) उपनियम (१) मा उल्लेख गरिएको अवधिभित्र तीनवटा भन्दा कम आवेदन परेमा उक्त आवेदनलाई कायमै राखी म्याद सकिएको तीन दिनभित्र सात दिनको थप म्याद दिई आवेदनका लागि पुनः सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम थप भएको म्यादभित्र थप आवेदन प्राप्त नभएमा जति आवेदन प्राप्त भएको छ सोही बमोजिम नै छनोटको प्रक्रिया अगाडि बढाउन बाधा पर्ने छैन।

(४) आवेदनको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ।

९. मूल्याङ्कन गरिने आधार : प्रबन्ध सञ्चालक पदको लागि आवेदन दर्ता गरिएका मध्येबाट देहाय बमोजिमका आधारमा मूल्याङ्कन गरिने छः-

(क) शैक्षिक योग्यता,

(ख) व्यवस्थापन पेशामा हासिल गरेको अनुभव,

(ग) व्यवस्थापकीय क्षेत्रमा अन्तराष्ट्रिय स्तरको विशेष अनुभव हासिल गरेको।

१०. <u>दरखास्तसाथ पेश गर्नुपर्ने कागजात</u> : दरखास्तसाथ सिफारिस समितिको सचिवालयमा देहायका कागजात तथा विवरणहरु पेश गर्नु पर्नेछः-

(क) शैक्षिक योग्यता, कार्य अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन/मोबाइल नम्बर, घर वा कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data) को प्रत्येक पानाको अन्त्यमा उम्मेदवारले दस्तखत गरी पेश गर्नु पर्नेछ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र पेशागत अनुभव पुस्ट्याई गर्ने कागजातको प्रतिलिपी आवेदक स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

(ग) उम्मेदवारले पाँच हजार शब्दमा नबढ्ने गरी व्यावसायिक कार्ययोजना (Business Action Plan) तयार गरी चार प्रति पेश गर्नु पर्नेछ।

## परिच्छेद-४

## <u>प्रबन्ध सञ्चालक छनोट तथा सिफारिस सम्बन्धी व्यवस्था</u>

११. <u>समितिको गठन</u> : प्रबन्ध सञ्चालक पदमा पदपूर्ति गर्न देहाय बमोजिमको छनोट तथा सिफारीस समिति गठन गरिने छः-

(क) मन्त्रालयले तोकेको रा.प. प्रथम श्रेणीको अधिकृत -संयोजक

(ख) सम्बन्धित विषयमा कम्तिमा दश वर्ष सरकारी तथा गैरसरकारी सेवामा रही अनुभव प्राप्त विज्ञ एक जना -सदस्य

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन विषयको कम्तिमा सह प्राध्यापक पदमा कार्य गरी सेवानिवृत्त एक जना -सदस्य

(घ) उपसचिव (कानून), मन्त्रालय -सदस्य

(ङ) उपसचिव, आन्तरिक प्रशासन शाखा, मन्त्रालय -सदस्य-सचिव

१२. <u>समितिको बैठक सम्बन्धी कार्यविधि</u> : (१) समितिको बैठक संयोजकले तोके बमोजिमको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिले कुनै विशेषज्ञ वा पदाधिकारीलाई बैठकमा भाग लिन आमन्त्रित गर्न सक्नेछ।

(३) समितिको निर्णय समितिको संयोजकले प्रमाणित गर्नु पर्नेछ।

(४) समितिले सदस्य सिफारिस गर्दा अवलम्बन गर्नु पर्ने प्रक्रिया तथा बैठक सम्बन्धी कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१३. <u>छनोट प्रक्रिया</u> : समितिले छनोट प्रक्रिया देहाय बमोजिम सम्पन्न गर्नेछः-

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

(क) उम्मेदवारको न्यूनतम योग्यताको परीक्षण गर्ने,

(ख) उम्मेदवारले पेश गरेका कागजातहरुको यस कार्यविधिमा तोकिएका मापदण्ड र अङ्कभार बमोजिम मूल्याङ्कन गर्ने,

(ग) खण्ड (ख) बमोजिम मूल्याङ्कन गरी अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारको योग्यताक्रम तयार गर्ने,

(घ) योग्यताक्रमको सूचना प्रकाशन गरी कार्यपत्र तयार गर्ने, प्रस्तुतीकरण तथा अन्तर्वार्ता मिति र समय तोक्ने,

(ङ) सम्पूर्ण मूल्याङ्कन प्रक्रियामा उच्च अङ्क प्राप्त गर्नेहरु मध्येबाट वर्णानुक्रममा तीन जनाको नाम नेपाल सरकारसमक्ष नियुक्तिको लागि सिफारिस गर्ने।

१४. <u>व्यावसायिक कार्ययोजना सम्बन्धी व्यवस्था</u> : (१) उम्मेदवारले पाँच हजार शब्दमा नबढ्ने गरी व्यावसायिक कार्ययोजना तयार गरी चार प्रति पेश गर्नु पर्नेछ।

(२) दरखास्तसाथ पेश गरिएको व्यावसायिक कार्ययोजना संक्षिप्त सूचीमा छनोट भएका उम्मेदवारहरुले तोकिएको मिति र समयमा प्रस्तुतीकरण समेत गर्नु पर्नेछ।

(३) व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, पेशागत अनुभव तथा नेपाली नागरिकताको प्रमाणपत्र एवं आवेदनसाथ पेश गरेको अन्य कागजातहरुको सक्कल प्रति साथै लिई प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि उपस्थित हुनु पर्नेछ।

१५. <u>प्रबन्ध सञ्चालकको छनोट तथा सिफारिसको मापदण्ड एवं अङ्कभार सम्बन्धी व्यवस्था</u> : प्रबन्ध सञ्चालकको छनोट तथा सिफारिसको मापदण्ड एवं अङ्कभार देहाय बमोजिम हुनेछ:-

| क्र.सं. | विवरण | अङ्क |
|---|---|---|
| १. | शैक्षिक योग्यता (स्नातक पछिको थप शैक्षिक योग्यताको लागि) | ५ |
| २. | (क) कार्य अनुभव | ४० |
| | (ख) विशेष कार्यानुभव (सार्वजनिक निकाय, शैक्षिक प्रतिष्ठान, प्राज्ञिक क्षेत्र) | |
| ३. | व्यावसायिक कार्ययोजना (विषयसँग सम्बन्धित क्षेत्रको) | २० |
| ४. | व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण | १५ |
| ५. | अन्तर्वार्ता | २० |
| | जम्मा | १०० |

१६. <u>उम्मेदवारको मूल्याङ्कनका मापददण्ड र अङ्कभार सम्बन्धी व्यवस्था</u> : (१) उम्मेदवारको मूल्याङ्कन गर्दा दफा १५ मा उल्लेख भएको मापददण्ड र अङ्कभारलाई देहाय बमोजिम मूल्याङ्कन गरिनेछ:-

| क्र. | आधार | अङ्क | मूल्याङ्कन विधि र अङ्कभार | अङ्कभार | कैफियत |
|---|---|---|---|---|---|

| सं. | | भार | | | |
|---|---|---|---|---|---|
| १. | शैक्षिक योग्यता | ५ | इन्जिनियरिङ्ग तथा व्यवस्थापन विषयमा स्नातकोपाधि वापतको अङ्क | - | |
| | | | व्यवस्थापन विषयमा स्नातकोत्तर हासिल भएको खण्डमा अङ्क | ३ | |
| | | | व्यवस्थापन विषयमा विद्यावारिधि हासिल भएको खण्डमा थप अङ्क | २ | |
| २. | (क) कार्य अनुभव | | व्यवस्थापन क्षेत्रमा ५ बर्ष भन्दा बढी कार्य अनुभव भएको खण्डमा प्रत्येक एक वर्षको ३ अङ्कले थप बढीमा ५ वर्षको अधिकतम १५ अङ्क | १५ | ५ वर्ष भन्दा कम अनुभव भएमा कुनै अङ्क प्रदान गरिने छैन। |
| | (ख)विशेष कार्यानुभव | | सार्वजनिक संस्थाको कार्यकारी पद वा नेपाल सरकार अन्तर्गतका निकायमा अधिकृतस्तरको पद वा विश्वविद्यालय अन्तर्गतको शैक्षिक प्रतिष्ठान तथा प्राज्ञिक क्षेत्रको प्राध्यापन तथा अन्य व्यवस्थापकीय भूमिकामा रहेर काम गरेको अनुभवमा प्रत्येक एक वर्षको लागि २.५ अङ्कको दरले अधिकतम २५ | २५ | १ वर्ष भन्दा कम अनुभव भएकोलाई कुनै अङ्क प्रदान गरिने छैन। |
| ३. | कार्य योजनाको मूल्याङ्कन | २० | सम्बन्धित विषयमा तयार पारिएको कार्ययोजना | २० | |
| ४. | कार्ययोजना प्रस्तुतीकरण | १५ | सम्बन्धित विषयमा तयार पारिएको कार्ययोजनाको प्रस्तुतीकरण | १५ | |
| ५. | अन्तर्वार्ता | २० | | २० | |
| | | | जम्मा | १०० | |

(२) व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनको आधार तथा अङ्कभार विभाजन देहायका आधारमा समितिले तयार गर्नेछः-



नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरबार, काठमाडौं
रिज्याल

| क्र.सं. | विवरण | अङ्कभार |
|---|---|---|
| १. | राष्ट्रिय तथा अन्तराष्ट्रिय परिदृश्यको पहिचान र विश्लेषण | २ |
| २. | कम्पनीको काम, कर्तव्य, अधिकार, सङ्गठनात्मक विश्लेषण एवं सूचना प्रविधि प्रणालीको विश्लेषण | ३ |
| ३. | कम्पनीको काम कारबाहीमा पारदर्शिता, स्वच्छता, अनुगमन, सुपरिवेक्षण, क्षमता, व्यवस्थापकीय क्षमता जस्ता पक्षहरुको पहिचान विश्लेषण गरी आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्र र विषयहरुको पहिचान | ४ |
| ४. | कम्पनीले चाल्नुपर्ने नीतिगत, कानूनी, प्रक्रियागत र प्रविधिगत सुधारहरुको पहिचान | ३ |
| ५. | संस्थागत र कार्यगत सुशासनको विद्यमान अवस्था र आगामी दिनमा गर्नुपर्ने सुधार | ३ |
| ६. | सुझाव कार्यान्वयन कार्ययोजना | ५ |
| | जम्मा | २० |

(३) व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणको मूल्याङ्कनको आधार र अङ्कभार देहाय बमोजिम हुनेछः-

| क्र.सं. | विवरण | अङ्कभार |
|---|---|---|
| १. | प्रस्तुतीको ढाँचा र विधि | ३ |
| २. | प्रस्तुतीकरणको शैली | ३ |
| ३. | अन्तर्वस्तुका सम्बन्धमा स्पष्टता | ३ |
| ४. | समयको व्यवस्थापन | ३ |
| ५. | अन्तरक्रिया | ३ |
| | जम्मा | १५ |

(४) अन्तर्वार्ता मूल्याङ्कनको आधार र अङ्कभार देहाय बमोजिम हुनेछः-

| क्र.सं. | विवरण | अङ्कभार |
|---|---|---|
| १. | नेतृत्व क्षमता (व्यक्तित्व, आत्मविश्वास, समस्या समाधान गर्नसक्ने क्षमता, तार्किकता, सृजनशिलता आदी) | ७.५ |
| २. | विषयवस्तुको ज्ञान र उद्देश्यको स्पष्टता तथा प्रतिबद्धता | ७.५ |
| ३. | उठान गरिएको विषय सम्बोधन गर्न सक्ने क्षमता | ५ |
| | जम्मा | २० |

द्रष्टव्य : अन्तर्वार्तामा ४० प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी अङ्क प्रदान गरेको खण्डमा सोको कारण जनाई पुष्ट्याइ गर्नु पर्नेछ।

१७. उम्मेदवार छनोटका आधार एवं प्रक्रिया : उम्मेदवार छनोटका प्रक्रिया देहाय बमोजिम रहनेछन्:-

(क) समितिले दफा ६ बमोजिमको योग्यता र अनुभव भएका आवेदकहरुले दरखास्तसाथ पेश गरेको व्यावसायिक कार्ययोजनाको परीक्षण गर्नेछ। सो परीक्षणबाट प्राप्त अङ्कको आधारमा औसत अङ्क निर्धारण गरी व्यावसायिक कार्ययोजना बापतको प्राप्ताङ्क गणना गरिनेछ।

(ख) दफा ६ बमोजिमको योग्यता र अनुभव भएका आवेदकहरुको शैक्षिक योग्यता बापतको प्राप्ताङ्क तथा पेश भएको व्यावसायिक कार्ययोजना बापतको खण्ड (क) बमोजिमको प्राप्ताङ्कको योगफल निर्धारण गरी उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरु मध्ये सम्भव भएसम्म छ जना उम्मेदवारहरुको संक्षिप्त सूची तयार गरी व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण एवं अन्तर्वार्ताका लागि छनोट गरिनेछ।

(ग) व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणका लागि छनोटमा परेका आवेदकहरुले तोकिएको मिति र समयमा व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण गर्नु पर्नेछ। प्रस्तुतीकरणका लागि तीस मिनेट समय प्रदान गरिनेछ। मनासिव काम परेको बाहेक तोकिएको मिति र समयमा अन्तर्वार्तामा उपस्थित नहुने उम्मेदवारलाई पुनः अन्तर्वार्तामा सामेल गराइने छैन।

(घ) खण्ड (ख) बमोजिम व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण एवं अन्तर्वार्ताका लागि छनोट भई व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण एवं अन्तर्वार्ताका लागि उपस्थित उम्मेदवारहरुको शैक्षिक योग्यता बापतको प्राप्ताङ्क, पेश भएको व्यावसायिक कार्ययोजना बापतको खण्ड (क) बमोजिमको औसत प्राप्ताङ्क, व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणको औसत प्राप्ताङ्क तथा अन्तर्वार्तामा प्राप्त औसत प्राप्ताङ्कको योगफल निर्धारण गरी उच्चतम अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवारहरुको नाम वर्णानुक्रमानुसार सिफारिस गरिनेछ।

## परिच्छेद-५
## विविध

१८. परामर्श वा विज्ञको सेवा लिन सक्ने : सिफारिस समितिले यस कार्यविधि बमोजिम आफ्नो कार्यसम्पादन गर्दा सम्बन्धित क्षेत्रका व्यक्ति, निकाय वा विषय विज्ञको परामर्श वा सेवा लिन सक्नेछ।

१९. **दोहोरो सुविधा लिन नहुने** : प्रबन्ध सञ्चालकले सरकारी कोषबाट निवृत्तिभरण प्राप्त गरिरहेको भए निवृत्तिभरण वा तलब मध्ये कुनै एक मात्र लिनु पर्नेछ।

२०. **स्वघोषणा सम्बन्धी व्यवस्था** : यस कार्यविधि बमोजिमको प्रकृया पूरा गरी नियुक्ति वा मनोनयन हुने उम्मेद्वारले अनुसूची-२ बमोजिमको ढाँचामा स्वघोषणा गरी पेश गर्नु पर्नेछ।

२१. **सचिवालय** : प्रबन्ध सञ्चालक छनोट तथा सिफारीस समितिको सचिवालयको रुपमा मन्त्रालयको सम्बन्धित महाशाखा अन्तर्गतको शाखाले काम गर्नेछ।

२२. **बाधा अड्काउ फुकाउन सक्ने** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

२३. **कार्यविधिको संशोधन** : मन्त्रालयले कम्पनीको सञ्चालक समितिको सिफारिसमा आवश्यकता अनुसार यस कार्यविधिको संशोधन गर्न सक्नेछ।

२४. **अनुसूचीमा थपघट वा हेरफेर** : मन्त्रालयले सञ्चालक समितिको सिफारिसमा आवश्यकता अनुसार अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेछ।

२५. **प्रचलित कानून लागू हुने** : यस कार्यविधिमा लेखिएका कुरा प्रचलित कानूनसँग बाझिएमा त्यस्तो बाझिएको हदसम्म प्रचलित कानून लागू हुनेछ।

बलराम रिज्याल
सहसचिव

केशव कुमार शर्मा
सचिव

कुलमान घिसिङ
मन्त्री

अनुसूची-१

(दफा ८ को उपदफा (४) सँग सम्बन्धित)

आवेदन फारामको ढाँचा

श्रीमान् संयोजकज्यू,
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, छनोट तथा सिफारिस समितिको मिति ............/........../............गतेको.................नेपाली प्रकाशित **"प्रबन्ध सञ्चालक पदको पदपूर्तिका लागि दरखास्त आह्वानको सूचना"** अनुसार उक्त प्रबन्ध सञ्चालकको पदमा रही सेवा गर्ने ईच्छा भएकोले तोकिएका आवश्यक सम्बन्धित कागजात संलग्न गरी तोकिएको ढाँचामा यो आवेदन फारम पेश गरेको छु। नियुक्त भएको अवस्थामा कार्यसम्पादन सम्झौता एवं तोकिए बमोजिमका पदीय जिम्मेवारी इमान्दारीपूर्वक पूरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

**निकाय :** नेपाल रेलवे कम्पनी

**पद :** प्रबन्ध सञ्चालक

(१) आवेदकको,-

(क) नाम, थरः...........................................................................

(ख) नागरिकता नं. जारी मिति र जारी जिल्ला...........................................

(ग) स्थायी ठेगानाः..................................................................

(घ) अस्थायी ठेगानाः.................................................................

(ङ) जन्म मितिः............../......../........

(च) फोन/मोबाइल नं.............,............

(छ) इमेलः.....................................

(ज) स्थायी लेखा नम्बरः..........................

(२) शैक्षिक योग्यताको विवरण

| क्र.सं. | उपाधि | विश्वविद्यालय | श्रेणी वा CGPA | उत्तीर्ण साल | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |

(३) अनुभवको विवरण

| क्र. सं. | काम गरेको निकाय | पद | कार्य | मुख्य कार्य | कैफियत |
|---|---|---|---|---|---|

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | अवधि | विवरण | |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |

(४) तालिमको विवरण

| क्र.सं. | तालिमको नाम | प्रदान गर्ने निकाय | तालिम अवधि | विषयक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |

(५) अध्ययन, अनुसन्धान, लेख रचना वा अन्य प्रकाशन

| क्र.सं. | प्रकाशनको नाम | प्रकाशित गर्ने निकाय | प्रकाशित मिति | विषयक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |

(६) स्वघोषणाको विवरण

| क्र.सं. | विवरण | स्वघोषणा |
|---|---|---|
| १. | कम्पनीसँग आफ्नो वा आफ्नो परिवारको सदस्यको निजी स्वार्थ भएको/नभएको, | |
| २. | आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको वा कर चुक्ता गरेको/नगरेको, | |
| ३. | भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, बैकिङ्ग कसूर वा नैतिक पतन देखिने फौजदारी अभियोग लागेको/नलागेको, | |
| ४. | प्रचलित कानून बमोजिम कालोसूचीमा परेको/नपरेको, | |
| ५. | साहुको दामासाहीमा परेको/नपरेको, | |
| ६. | विदेशी मुलुकको स्थायी आवासीय अनुमती प्राप्त गरेको, | |
| ७. | हाल कुनै राजनीतिक दलको सदस्यता नरहेको, | |
| ८. | कुनैपनि गैरसरकारी संस्थाको कार्यकारी पदमा कार्यरत नरहेको, | |
| ९. | प्रचलित कानूनद्वारा अयोग्य ठहरिएको/नठहरिएको। | |

(७) संलग्न कागजात र विवरणहरू:

| क्र.सं. | कागजात विवरण | प्रतिलिपि/पृष्ठ |
|---|---|---|

| | | संख्या |
|---|---|---|
| १. | नेपाली नागरिकताको प्रमाणपत्र | |
| २. | शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि | |
| ३. | अनुभवको प्रमाणपत्रहरूको प्रतिलिपि | |
| ४. | व्यावसयिक कार्ययोजना | |
| ५. | स्वघोषणा सम्बन्धी कागजातहरू | |

माथि उल्लेख भएका सबै विवरण र कागजात साँचो हो झुठा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला।

| औंठाको छाप | |
|---|---|
| बायाँ | दायाँ |
| | |

दस्तखतः

मितिः

बलराम रिज्याल
सहसचिव

केशव कुमार शर्मा
सचिव

कुलमान घिसिङ
मन्त्री

अनुसूची-२

(दफा २० सँग सम्बन्धित)

स्वघोषणापत्रको ढाँचा

म मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पदीय जिम्मेवारी निर्वाह गर्नका लागि.................................................को..............................पदमा नियुक्ति/मनोनयन हुनका लागि प्रचलित कानूनले तोकिएबमोजिमका सम्पूर्ण योग्यता पुरा गरेको एवं कानूनबमोजिम योग्य रहेको हुँदा देहायबमोजिमका विवरणसहित यो स्वघोषणा गरी पेश गरेको छु।

१. नाम, थर (नेपालीमा):-

२. Name (In English):-

३. जन्म मितिः वि.सं.:- ई.सं.:-

४. स्थायी ठेगानाः-

हालको ठेगानाः

५. नागरिकता प्रमाणपत्र/ राष्ट्रिय परिचयपत्र नं.:

६. जारी मिति र जिल्लाः

७. सम्पर्क नंः

८. इमेलः

९. शैक्षिक योग्यता र सङ्कायः

१०. मैले कुनै पनि विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त गरेको छैन।

११. म हाल कुनै पनि अन्तराष्ट्रिय वा विदेशी सहायताद्वारा सञ्चालित गैरसरकारी संस्थामा आवद्ध छैन।

१२. म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको छैन।

१३. म हाल कुनै पनि राजनितिक दलको सदस्य रहेको छैन।

१४. मैले भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागूऔषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको छैन।

१५. मेरा विरूद्धमा कुनै पनि तहको अदालतबाट कुनै पनि किसिमको सजाय वा जरिवाना तोकिएको छैन र मैले तिर्न बुझाउनसमेत बाँकी छैन।

१६. नियुक्ति/मनोनीत हुन लागेको संस्था वा नियकासँग पेशागत वा व्यावसायिक रूपले मेरो कुनै किसिमले स्वार्थ बाझिने अवस्था रहेको छैन।

१७. मैले पेशा गरेका शैक्षिक योग्यता, नागरिकता, अनुभवलगायतका सबै कागजातहरू सक्कलबमोजिमका छाँयाप्रतिहरू हुन्। साथै मैले पेश गरेको मेरो व्यक्तिगत विवरण (CV) मा उल्लिखित सम्पूर्ण व्यहोरा सत्य र ठीक साँचो हो, फरक परेको छैन।

मैले माथि गरिदिएको स्वघोषणाको व्यहोरा ठिक साँचो हो। झुट्ठा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

| **स्वघोषणा गर्ने व्यक्तिको** | **स्वघोषणा गराउने मन्त्रालयका अधिकृतको** |
| --- | --- |
| दस्तखतः | दस्तखतः |
| दायाँ     बायाँ | नाम, थरः |
| | पदः |
| | मितिः |

बलराम रिज्याल
सहसचिव

केशव कुमार शर्मा
सचिव

कुलमान घिसिङ
मन्त्री